# खत्याड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### रामतडी, मुगु
### कर्णाली, प्रदेश नेपाल

**स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

**(दोस्रो पटक प्रकाशित मितिः २०८२/११/२८)**

प्रस्तुत विषयमा यस गाउँपालिकाको लागि आ.व. २०८२/०८३ मा संघीय सरकारबाट हस्तान्तरित **स्थानीय तहमा जिविकोपार्जन सुधार कार्यक्रम** अन्तर्गत कृषि, पशुपालन तथा उत्पादनमूलक क्षेत्र, पर्यटन तथा आतिथ्यता क्षेत्र र गैर कृषि क्षेत्र मध्ये कुनै एउटा क्षेत्र छनौट गरी यस पालिकाका विपन्न महिलालाई आधारभूत सीप विकास तालिम तथा सीप अभिबृद्धि तालिम सञ्चालन गर्न तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक संस्थाहरूलाई कार्यक्रमको अवधारणापत्र र व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा १३ (१) ले तोकेको अनुसूचि ४ बमोजिमको ढाँचाको प्रस्ताव तथा उपदफा (२) बमोजिमका विवरण सहितको कागजातहरू संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस गाउँपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । रितपूर्वक दर्ता हुन नआएका र तोकिएको समयभित्र पेश नभएका प्रस्ताव उपर कुनै कार्वाहि गरिने छैन ।

(नन्दकृष्ण पाध्याय)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

तपसिल

१. प्रचलित कानून बमोजिम दर्ता र नविकरण भएको,
२. प्रत्येक वर्ष लेखापरीक्षण सम्पन्न गरी सोको प्रतिवेदन तयार भएको,
३. प्रचलित कानून बमोजिम अयोग्य नरहेको ।

पुनश्चः

१. प्रस्ताव पेश गर्ने संस्थाले स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा १२ मा उल्लेख भए बमोजिमका पच्चीस जना लक्षित महिलालाई सहभागी गराई कम्तिमा पाँच दिने तालिम दिने गरी व्यवसायिक योजना पेश गर्नुपर्नेछ ।
२. स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ यस गाउँपालिकाको वेभसाइट www.khatyadmun.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ ।